नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
गोरखा

फोन नं.- ०६४-४२०१३३,४२१४१६
फ्याक्स नं.- ०६४-४२०१८९
Email: dao.gorkha@gmail.con
URL: daogorkha.moha.gov.np
मिति: २०७८।०४।०८

११. दाहासंस्कारमा स्वास्थ्य सुरक्षाको मापदण्ड पूर्ण रुपमा पालना गरी २५ जना भन्दा बढी भेला नहुने ।
१२. देहाय बमोजिमको पसलहरु ग्राहकहरुविच २ मिटरको भौतिक दुरी कायम गर्न अनिवार्य रुपमा संकेतहरु निर्माण गर्ने र अन्य स्वास्थ्य मापदण्डहरु अनिवार्य रुपमा अवलम्वन गरी देहायको समयमा मात्र खुल्ला गर्ने :

- औषधी, वर्कसप, पेट्रोल पम्प एवं स्वास्थ्य सामग्रीका पसलहरु २४ सै घण्टा खुल्ला रहने ।
- दैनिक उपभोग्य खाद्यान्न, तरकारी, फलफूल, दुध तथा दही, माछा, मासु,कृषिजन्य विउ विजन,मल, पशुपन्छीको दाना विक्रि वितरण गर्ने पसलहरु, निर्माण सामग्री वितरण गर्ने  पुस्तक, स्टेशनरी, कपडा तथा फेन्सी पसल, फर्निचर तथा फर्निसिङ, अटोमोबाइल, मोटरपार्टस्, जुत्ता चप्पल पसल, प्रेस तथा फोटोकपी पसल, सुनचाँदी व्यवसाय, इलेक्ट्रिक तथा इलेक्ट्रोनिक व्यवसाय, भाँडापसल, कस्मेटिक पसल (पार्लर बाहेक), टेलरिङ व्यवसाय र फोटो स्टुडियो  विहान ५:०० बजे देखि बेलुका ७:०० बजेसम्म खोल्ने । तर सामुदायिक विद्यालयको हकमा पुस्तक व्यवसायीले आवश्यक पुस्तक विद्यालयसम्म पुर्याई दिने र विद्यालयले आलोपालो समय मिलाई विद्यार्थीहरुलाई वितरण गर्ने ।
- खाजा घर, रेष्टुरेन्ट  र मिठाई पसलहरुबाट टेकअवे र होमडेलिभरी विहान ५: ०० बजेदेखि बेलुका ७:०० बजेसम्म  हुने गरी मात्र संचालन गर्न पाइने ।
- होटेल/ लज संचालन सम्बन्धमा जनस्वास्थ्यका  निर्धारित  मापदण्ड पालन गरी कुल कोठा संख्याको  ५० प्रतिशत संख्या नबढ्ने  गरी संचालन गर्न पाइने । कोठाहरु प्रत्येक  दिन अनिवार्य रुपमा  निसंक्रमण गर्ने ।

११. सेवाग्राहीको बढि भिडभाड हुने प्रकृतिका कार्यालयहरु जिल्ला प्रशासन कार्यालय, मालपोत र नापी कार्यालयले आलोपालो प्रणाली अवलम्वन गरी भिडभाड नहुने प्रवन्ध मिलाई सेवा प्रवाह गर्ने र अन्य सरकारी कार्यालय एवं सार्वजनिक संस्थाहरुले जनस्वास्थ्यका निर्धारित मापदण्ड अनिवार्य रुपमा पालना गर्ने सुनिश्चितता गरी सेवा प्रवाह गर्ने । अत्यावश्यक सेवा प्रवाह गर्ने कार्यालयहरुले पुर्ववत रुपमा निर्धारित सेवा प्रवाह गर्ने ।
१२. उद्योग, सार्वजनिक निर्माण कार्यमा संलग्न कर्मचारी तथा श्रमिकहरुलाई उद्योग परिसर तथा निर्माण स्थल नजिकै खाना र बासको व्यवस्था गरी स्वास्थ्य सुरक्षाको मापदण्ड पूर्ण रुपमा  अपनाई उद्योग तथा निर्माण कार्य संचालन गर्ने ।
१३. संचारकर्मीको हकमा सूचना तथा प्रसारण विभागबाट जारी प्रेस पास वा सम्बन्धित संचार गृहले जारी गरेको परिचयपत्रको आधारमा आवातजावत गर्न सकिने ।
१४. बैंक तथा वित्तिय संस्थाहरुले सेवाग्राहीविच २ मिटरको भौतिक दुरी कायम गर्न संकेतहरु निर्माण गर्ने र अन्य स्वास्थ्य सुरक्षाको मापदण्ड पालना गरी सेवा प्रवाह गर्ने । तर वित्तिय तथा सहकारी  संस्थाहरुबाट  घरदैलोमा गई रकम  संकलन गर्ने र समूह बैठक/ भेला गर्न नपाइने ।
१५. दर्तावाला तरकारी तथा फलफूल व्यवसायीले मात्र तरकारी तथा फलफुल बाहिर जिल्लाबाट  ढुवानी गर्न पाउने ।
१६. व्यक्ति तथा संघसंस्था लगायतका दाताहरुबाट प्राप्त हुने स्वास्थ्य तथा राहतका सामग्रीको वितरण जिल्ला प्रशासन कार्यालय वा सम्वन्धित स्थानीय तहको समन्वयमा गर्ने ।
१७. साथै उपयुक्त आदेशको पालना तथा कार्यान्वयनमा यस अघि  झै आवश्यक सहयोग, समन्वय तथा सहजिकरण हुन सम्बद्ध सवै सरोकारवाला र आम गोरखाबासी बुबाआमा,दाजुभाई  तथा दिदीबहिनी समक्ष हार्दिक अनुरोध छ ।

(उल्लेखित आदेशको अवज्ञा गरी कार्य गरे गराइएको पाइएमा स्थानीय प्रशासन ऐन, २०२८, संक्रामक रोग ऐन, २०२० कोभिड संकट व्यवस्थापन अध्यादेश, २०७८ एवं अन्य प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा समेत जानकारी गराइन्छ ।)

२०७८।०४।०८

शालिग्राम शर्मा पौडेल
प्रमुख जिल्ला अधिकारी